नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति: २०७४ मंसीर ५

## प्रेश विज्ञप्ति

प्रथम चरणको निर्वाचन सुरक्षा व्यवस्थापनको क्रममा निर्वाचनपूर्व सुरक्षा (Pre-Election Security) को अन्तिम चरणका सुरक्षा कार्यवाहीहरु सञ्चालन भइरहेका छन् । मुलुकभरी निर्वाचनका राजनीतिक क्रियाकलापका साथ साथै निर्वाचन व्यवस्थापनका सबै क्रियाकलापहरुमा आवश्यकता बमोजिम सुरक्षा प्रदान भइरहेको छ । मुलुक निर्वाचनमय भइसकेको वर्तमान अवस्थामा छिटफुट रुपमा देखिएका निर्वाचन विरोधी गतिविधिहरुलाई नियन्त्रण गर्दै राजनीतिक दल, उम्मेदवार र मतदाता एवम् सन्चार जगत र आम जनसमुदायलाई मजबुत सुरक्षाको प्रत्याभूति दिन गृह प्रशासन सदाझैं सजग र संवेदनशील रहेको व्यहोरा पुन:स्मरण गराइन्छ । मतदानस्थलमा व्यवस्था गरिएको तीन घेराको सुरक्षा व्यवस्था र आवश्यकता बमोजिमको अन्य सुरक्षा तैनाथीहरु भइसकेका छन् । निरन्तर सूचना संकलन, विश्लेषण तथा आदान प्रदान र सोही बमोजिमको पूर्व सावधानी तथा प्रतिरोधात्मक क्रियाकलापहरु समन्वयात्मक रुपमा कार्यान्वयन भइरहेका छन् । तसर्थ शान्तिपूर्ण र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्ने राष्ट्रिय अभिभारा पूरा गर्दै सुरक्षित एवम भयरहित वातावरणमा मतदान गर्न पाउने जनताको हकको प्रत्याभूति गर्न गृह प्रशासन प्रतिबद्ध र तम्तयार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ । यस कार्यमा राजनीतिक दलका नेता, उम्मेदवार, मतदाता, कर्मचारी, नागरिक समाज र सन्चारकर्मी लगायत सबैपक्षबाट सदाझैं स्थानीय प्रशासनलाई आवश्यक सहयोग प्राप्त हुने अपेक्षा समेत गरिएको छ ।

नारायण प्रसाद शर्मा दुवाडी

प्रवक्ता